23-03-2025

**यो आकाशवाणी गान्तोक हो**

**CM MEETS MEDICAL STUDENTS**

मुख्यमन्त्री पीएस गोलेले विभिन्न मेडिकल कलेज तथा विश्वविद्यालयहरूमा एमबीबीएस, नर्सिङ, BPT, प्यारामेडिकल, इन्जिनियरिङ, BDS, पशु चिकित्सा विज्ञान र BHA जस्ता विविध पाठ्यक्रमहरू अध्ययन गरिरहेका राज्यका विद्यार्थीहरूसित आइतवार गान्तोकको सम्मान भवनमा भेट गरी विद्यार्थीहरुसित अन्तरक्रिया गर्नुभयो। आफूले राज्यका विद्यार्थीहरूसित भेट गर्दै अन्तरक्रिया गरेको अनि उनीहरूको पढ़ाइप्रतिको समर्पण र जोश देखेर आफूलाई धेरै खुशी लागेको जनाउनुदै मुख्यमन्त्रीले आफूले उनीहरूलाई पढ़ाइमा ध्यान केन्द्रित गर्न, कड़ा परिश्रम गर्न र आफ्ना आमाबाबुलाई गौरान्वित तुल्याउन प्रोत्साहित गरेको पनि बताउनु भएको छ। युवाहरूले दृढसंकल्पका साथ आफ्नो सपनालाई पछयाएको देख्नपाउदा, आफुलाई यो भन्दा प्रेरणादायी क्षण अरू केही नलागेको उहाँले थप बताउनु भएको छ। मुख्यमन्त्री श्री गोलेले सबै विद्यार्थीलाई सफलता र उज्ज्वल भविष्यको निम्ति शुभकामना पनि व्यक्त गर्नुभएको छ।

TOURISM FESTIVAL

गेजिङ जिल्लाको उत्तेरमा आयोजित तीन दिवसीय सिक्किम ग्रामीण पर्यटन मिट 2025 को आज दोस्रो दिन विभिन्न कार्यक्रमहरु आयोजन भए। जसमा प्याराग्लाईडिङ, हट एयर बेलुन उडान, साईक्लिङ, बीटुबी अर्थात बिजनेस टु बिजनेस वार्ता, विभिन्न पारम्परिक स्टलहरूको प्रदर्शनी लगायत रंगारंग सांस्कृतिक कार्यक्रमहरू समावेश थिए। आज पर्यटन तथा नागरिक उड्डयन मन्त्री छिरिङ थेण्डुप भोटिया मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। यसैगरी सिक्किम सरकारको कृषि, पशुपालन तथा वागवाणी मन्त्री पुरण कुमार गुरूङ, क्षेत्र विधायक तथा पर्यटन एवं नागरिक उड्डयन विभागका सल्लाहकार सुदेश कुमार सुब्बाका साथै स्थानीय तथा देशका विभिन्न ठाउँबाट आएका पर्यटन सरोकारवालाहरूको बाक्लो उपस्थिति रहेको थियो।

सिक्किमका ग्रामीण क्षेत्रलाई पर्यटन उद्योगसँग जोड्ने मुख्य लक्ष्यका साथ यो कार्यक्रम आयोजना गरिएको हो। मन्त्री श्री भोटियाले सिक्किमको वास्तविक सम्पत्ति यसको प्राकृतिक सौन्दर्यमा निहित रहेको कुरामाथि प्रकाश पार्दै राज्यको मुख्य उद्योगको रूपमा पर्यटनको महत्त्वमा जोडदिनुभयो। यो कार्यक्रमको उद्देश्य ग्रामीण तथा स्थानीय संस्कृति सम्पदालाई पर्यटन उद्योगसँग जोड्नु रहेको र यसले युवाहरूलाई कौशलमा आधारित तालिम प्रदान गर्दै उनीहरूलाई आत्मनिर्भर बनाउनमा केन्द्रित रहने उहाँले बताउनुभयो। आफ्नो सम्बोधनमा क्षेत्र विधायक सुदेश कुमार सुब्बाले पनि सिक्किम रूरल टुरिज्म मीट आयोजनको औचित्यमाथि प्रकाश पार्दै सिक्किम सरकारका मुख्यमन्त्री प्रेमसिंह तामाङको परिकल्पनामा यो कार्यक्रम आयोजना हुन सम्भव भएको बताउँदै क्षेत्रवासी जनताको तर्फबाट मुख्यमन्त्रीप्रति आभार व्यक्त गर्नुभयो। आजको मुख्य आकर्षण रहेको हट एयर बेलुनले यस क्षेत्रको साहसिक पर्यटनमा अर्को आकर्षण थप्ने मानिएको छ। आज हट एयर बेलनुको परीक्षणको अवधि पर्यटन विभागका मन्त्री टीटी भोटिया, क्षेत्र विधायक सुदेश कुमार सुब्बा तथा मल्ली निर्वाचन क्षेत्रका विधायक एनबी प्रधानले पनि यसमा सवार भई हट एयर बेलुन उडानको आनन्द उठाउनु भएको थियो।

**SBS OUTLET**

गेजिङ जिल्लाको बर्मेक बजारमा आज सिक्किम राज्य बैंकको नयाँ शाखा उद्घाटन गरिएको छ। क्षेत्र विधायक तथा सल्लाहकार लोकनाथ शर्माले यो शाखाको उद्घाटन गरी स्थानीय जनतालाई समर्पित गर्नुभएको छ। उद्घान कार्यक्रममा सिक्किम राज्य बैंकका

अध्यक्ष डीबी गुरुङ लगायत बैंकका अन्य उच्च अधिकारीहरुको उपस्थिति रहेको थियो। यस नयाँ शाखाबाट स्थानीय जनतालाई वित्तीय सेवाहरू उपलब्ध गराउने अपेक्षा गरिएको छ, जसले आर्थिक समावेशीकरण र क्षेत्रीय आर्थिक विकासमा टेवा पुऱ्याउनेछ।

**SPORTS NEWS**

सिक्किममा फुटबल खेलको विकास र हितका निम्ति सिक्किम फुटबल एसोसिएसन र फुटबल डेभलोपमेन्ट प्राईभेट लिमिटेड सम्झौतामा आएका छन्। सिक्किम प्रिमियर लिग आयोजनालाई लिएर दुवै संस्थाबिच विवाद भएको थियो भने अहिले आएर दुवै पक्ष पाँचवटा सभापछि सम्झौतामा आएका छन्। फुटबल डेभलोपमेन्ट प्राईभेट लिमिटेडले (एफडीपीएल) विगत दुइ वर्षदेखि एसपीएल आयोजना गर्दै आइरहेको थियो तर लिगको टाइटललाई लिएर विवाद भएको थियो। गत वर्ष एसएफए-ले प्रिमियर लिग नाम गरेर टुर्नामेन्ट आयोजना गर्ने हुँदा विवाद चुलिएको थियो।

आइतवार पाल्जोर स्टेडियमको कन्फरेन्स हलमा दुवै संस्थाले संयुक्त रुपमा पत्रकार सम्मेलन गरेर आफूहरूबिच सम्झौता भएको जनाउँदै अबउसो प्रिमियर लिगको टाइटल सिक्किम सरकारको अधीनमा रहने जानकारी दिए।